लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
(राप्ती उपत्यका) देउखुरी दाङ, नेपाल

प.सं.: २०८०/८१
च.नं.:

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०४/१७

**विषय: बालमैत्री विद्यालय निर्माण अनुदानका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा यस निर्देशनालयको चालु आ.व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत **बालमैत्री विद्यालय निर्माणका** लागि सहयोग उपलब्ध गराउने कार्यक्रम रहेकोले यस प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालयहरुले यो सूचना प्रकाशित भएको ३० दिन भित्र तपसीलको कागजात र कार्ययोजना निर्माण गरी व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयहरुमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ।

**प्रस्तावनाको ढाँचा**

१. विद्यालयको संक्षिप्त चिनारी
२. विद्यालयको भौतिक अवस्था
   क) क्षेत्रफल, भवन, कक्षा कोठा र फर्निचर
   ख) खेल मैदान
   ग) कम्पाउण्ड वाल
   घ) खाने पानी
   ङ) शौचालयको अवस्था (छात्र/छात्रा)
   च) प्रयोगशालाको अवस्था
   छ) अन्य ..........
३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गठन भए/नभएको
४. कक्षागत रुपमा विद्यार्थी संख्या (छात्र/छात्रा सहित) विवरण
५. शिक्षक संख्या विवरण (तहगत)
६. गत विगत आ.व. मा प्रदेश सरकारबाट बालमैत्री विद्यालय व्यवस्थापनका लागि अनुदान पाएको भए उपलब्ध अनुदान

| आ.व. | उपलब्ध गराइएको रकम | सम्पन्न भएको काम | कैफियत |
|---|---|---|---|
| २०७५/७६ | | | |
| २०७६/७७ | | | |
| २०७७/७८ | | | |
| २०७८/७९ | | | |
| २०७९/८० | | | |

७. प्रस्तावनाको उदेश्य
८. बजेटबाट कक्षा १ देखि ३ सम्मको कम्तिमा एउटा कक्षाकोठालाई बालमैत्री बनाउन बालमैत्री विद्यालय स्थापनाको लागि रु ५ लाख बाट गर्न सक्ने कार्य/ खरिद गरिने सामाग्रीको सूची (अनुमानित लागत सहित) पेश गर्ने।

**बजेट खर्चका क्षेत्रहरुः-**

- शिक्षण र सिकाई सामग्री :- स्मार्ट टिभी/स्मार्ट वोर्ड, सिकाईकिट आदि।

नि. निर्देशक

- वातानुकुलीत बसाई/कक्षा कोठा व्यवस्थापन :- फ्लोर पार्केटिङ, कार्पेटिङ, कुसन, पर्दा, झ्याल ढोका मर्मत, भित्ता सिलिङ रंगरोगन, लो ह्वाइट वोर्ड, वाटर फिल्टर, विद्यार्थीको उचाई अनुसारका फर्निचर व्यवस्था आदि ।

९. कार्य योजना प्रतिफल सुचक सहित

१०. अपेक्षित नतिजा

११. जोखिम

१२. निष्कर्ष

**प्रस्ताव सहित संलग्न गर्नु पर्ने कागजातहरु:**

क) विद्यालयको निवेदन पत्र

ख) विद्यालय व्यवस्थापन समिति गठन भएको आधिकारिक निर्णय प्रति

ग) कार्यक्रम माग सम्बन्धमा वि.व्य.स. को निर्णय प्रति

घ) २०८० सालको एकिकृत शैक्षिक तथ्याङ्कको प्रमाणित विद्यार्थी विवरण

ङ) बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप, २०६७ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइट www.cehrd.gov.np बाट प्राप्त गर्न सकिने छ ।

च) आ.व. २०७८/७९ को लेखा परीक्षण र सामाजिक परीक्षणको प्रतिवेदन

(यमबहादुर के.सी.)
नि.निर्देशक